

## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ।।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरुका रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

## सहकारीका सात सिद्धान्तहरू

- स्वेच्छिक तथा खुल्ला सदस्यता
- सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
- सदस्यहरुको आर्थिक सहभागिता
- स्वायत्तता तथा स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारीहरु वीच पारस्पारिक सहयोग
- समुदाय प्रति चासो

## सहकारी मूल्य र मान्यता

| मुल्य | मान्यता |
|---|---|
| विश्वास आधारभूत मुल्यहरु | निर्दिष्ट आचारण नैतिक मूल्यहरु |
| आत्मा सहयोग | इमान्दारिता/पारदर्शिता |
| स्व-उत्तरदायित्व | खुलापन |
| प्रजातान्त्रिक | समानता |
| न्याय | सामाजिक उत्तरदायित्व |
| ऐक्यबद्धता | अरुहरुको हेरचाह |

## साकोस सञ्चालनका अन्तराष्ट्रिय सिद्धान्तहरू

**सहकारी संरचना**

- सदस्यहरुको स्वामित्व
- सदस्यहरुको नियन्त्रण
- लोकतान्त्रिक नियन्त्रण

**सदस्यलाई सेवा**

- वितिय समावेशीकरण
- वितिय स्थिरता
- सदस्यहरुको आर्थिक लाभ वृद्धि

**सामाजिक दायित्व**

- वितिय साक्षरता
- सञ्जाल सहकार्य
- सामाजिक उत्तरदायित्व
- विश्वव्यापी दृष्टिकोण

## सहकारीको झण्डामा हुने रङ र त्यसको अर्थ

| रङ | अर्थ |
|---|---|
| रातो | सम्बृद्धिको प्रतीक |
| सुन्तला | प्रगतिको प्रतीक |
| पहेलो | न्यायको प्रतीक |
| हरियो | प्रेमको प्रतीक |
| आकाशे | अहिंशाको प्रतीक |
| निलो | शान्तिको प्रतीक |
| बैजनी | सत्यको प्रतीक |

दर्ता नं.: १८३/०५६/०५७ | फोन नं. : ०६१ ४६५८२९, ०६१ ४६३०८०

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय

कास्की, पोखरा

सहकारी विभागको मिति २०६२/१/१८ को निर्णय नं. ५ (पाँच) बाट सेवा केन्द्र स्वीकृत

## दर्ताको प्रमाण-पत्र

सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम श्री जयमनकामना बचत तथा ऋण सहकारी संस्था/संघ लि. पोखरा १८ लामाचौर कास्की लाई सीमित दायित्व भएको संस्था/संघ मा दर्ता गरी स्वीकृत विनियम सहित यो **प्रमाण-पत्र** प्रदान गरिएको छ।

संस्था/संघ को कार्यक्षेत्र : कास्की जिल्ला भर मात्र सिमित
संस्था/संघ को प्रकृति : बचत तथा ऋण
संस्था दर्ता आधार : भौगोलिक

दर्ता मिति : २०५७/२/१६ कार्यालयको छाप:-

प्राचार्य

**नोट**:- संस्था/संघ को विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनले इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिनुपर्नेछ। साथै सम्झौता गरी कारोबार गर्नुपर्ने भएमा सम्झौता गरी सोको लिखित जानकारी यस कार्यालयलाई गराएपछि मात्र कारोबकार गर्न सकिनेछ।

दर्ता नं.: १७३/०५६/०५७

फोन नं. ०६१-४६५८२९

प्रदेश सरकार

# भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## सहकारी रजिष्ट्रारको कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

# दर्ताको प्रमाण-पत्र

गण्डकी प्रदेश सहकारी ऐन २०७५ को दफा १३ को उपदफा (३) बमोजिम **जय मनकामना बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा महानगरपालिका-१९, लामाचौर, कास्की** लाई सीमित दायित्व भएको सहकारी संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

संस्थाको कार्यक्षेत्र : **कास्की जिल्ला भर**

संस्थाको प्रकृति : **वित्तिय (बचत तथा ऋण) कारोबार गर्ने**

संस्था दर्ता आधार : **भौगोलिक**

कार्यालयको छाप

(प्रेम प्रसाद ढकाल)
रजिष्ट्रार
मितिः २०७७/०६/०६

नोटः संस्था विनियममा उल्लेखित कार्यहरु गर्न प्रचलित कानूनहरुको इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायबाट इजाजत लिनुपर्नेछ साथै सम्झौता गरी कारोबार गर्नुपर्ने भएमा सम्झौता गरी सोको लिखित जानकारी गराए पछि मात्र कारोबार गर्न सकिनेछ ।

संस्था दर्ता मितिः २०५७/०२/१७

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | साधारणसभा सम्बन्धी सूचना | ५ |
| २. | साधारण सभा कार्यक्रम तालिका | ६ |
| ३. | संस्था संक्षिप्त परिचय | ७-१३ |
| ४. | अध्यक्षको प्रतिवेदन | १४-१८ |
| ५. | सचिवको प्रतिवेदन | १९-२३ |
| ६. | कोषाध्यक्षको प्रतिवेदन | २४-३० |
| ७. | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ३१ |
| ८. | अडिट रिपोर्ट | ३५ |

सहकारी ऐन २०७४ अन्तर्गत सञ्चालित
दर्ता नं.: १७३/०५६/०५७

# जय मनकामना बचत तथा ऋण सहकारी संस्था लि.

JAYA MANAKAMANA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

पत्र संख्या : ८२
चलानी नं. : ०८२।८३

मिति : २०८२।०८।०७

श्री सम्पूर्ण शेयर सदस्य महानुभावहरु ,

विषय : २५ औ वार्षिकं साधारण सभा सम्वन्धी सूचना ।

उपरोक्त सम्वन्धमा संस्थाको मिति २०८२।०७।१६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार देहायका प्रस्तावहरु माथि छलफल गरि निर्णय गर्न संस्थाको २५ औं वार्षिक साधारण सभा मिति २०८२ पौष१६ देखि १९ गते तपसिल समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा तोकिएको समय अनुसार अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध सहित सुचित गरिन्छ ।

**साधारण सभा हुने समय र स्थान :**

समय : विहान १०:०० बजे बाट

स्थान :संस्थाको नवनिर्मित सचिवालय भवन

**प्रस्तावहरु :**

१. आ.व ०८१/८२ को संचालक समितिको तर्फबाट प्रस्तुत वार्षिक आर्थिक तथा प्रगति प्रतिवेदन चालु आ.व ०८२/८३ को प्रस्तावित कार्यक्रम र अनुमानित बजेट छलफल तथा अनुमोदन ।
२. आ.व. ०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन छलफल तथा अनुमोदन सम्वन्धमा ।
३. आ.व ०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल तथा अनुमोदन सम्वन्धमा ।
४. आ.व. ०८२/०८३ को वाह्य लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्वन्धमा ।
५ आ.व.२०८१/८२ को लाभांस वितरण सम्वन्धमा ।
६. संस्थाको विनियम संसोधन सम्वन्धमा ।
७. आन्तरिक कार्यविधिहरु (निर्माण, पुर्नलेखन तथा संसोधन) का सम्वन्धमा ।
८. सम्भावना भएका सहकारी संस्थाहरुसंग एकिकरण सम्वन्धमा ।
९. साधारण सभाका निर्णयहरुमा प्रमाणित गर्ने प्रतिनिधि छनोट सम्वन्धमा ।
१०. सदस्य दायित्व मिनाह सम्वन्धमा ।
११. सदस्य सम्मान सम्वन्धमा ।
१२. सहकारी संस्थाको संस्थागत सुधारको लागि विभिन्न सहकारी छाता संघले प्रस्ताव गरेको स्थिरिकरण कार्यक्रममा छनोट गरि भाग लिने सम्वन्धमा ।
१३. धन्यवाद ज्ञापन सम्वन्धमा ।

सचिव
वुद्धि वहादुर खत्री क्षेत्री

jayasahakari@gmail.com | jaya_sahakari@yahoo.com
jayasahakari.com.np
मुख्य कार्यालय : पोखरा-१९, लामाचौर
फोन नं.: ९७७-६१-४४४८७०, ४४४३७०
सेवाकेन्द्र कार्यालय : पोखरा-४, मानवअधिकार चोक, चिप्लेढुंगा
फोन नं.: ९७७-६१-५८३६४७

# २५औं वार्षिक साधारण सभाको कार्यक्रम तालिका-२०८२

| कार्यक्रम तालिका | समय |
|---|---|
| चिया नास्ता/तथा फाइल वितरण | बिहान १०:३० बजे |
| आसन ग्रहण : | |
| राष्ट्रिय गान : | |
| सहकारीका सात सिद्धान्त वाचन : | |
| स्वागत मन्तव्य : | |
| कार्यक्रम उद्घाटन : | |
| प्रशंसा तथा सम्मान कार्यक्रम :<br>उत्कृष्ट बचत तथा कारोबार सम्मान, उत्कृष्ट कर्मचारी सम्मान | |
| शुभकामना मन्तव्य | |
| **प्रतिवेदनहरु प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा:**<br>१. संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने ।<br>२. लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत,छलफल र पारित गर्ने । | |
| **अन्य प्रस्तावहरु पारित गर्ने सम्बन्धमा**<br>१. आ.ब. २०८२/८३ को लागि लेखापरिक्षक नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।<br>२. निति तथा कार्यविधिहरु पुर्नलेखन तथा संशोधन सम्बन्धमा ।<br>३. संचालक समितिको विविध निर्णयहरु अनुमोदन सम्बन्धमा ।<br>४. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियूक्ति गर्ने ।<br>५. विविध । | |
| प्रमुख अतिथिको मन्तव्य | |
| सभाध्यक्षबाट मन्तव्य सहित कार्यक्रम समापन | |

# संस्था संक्षिप्त परिचय

**ऐतिहासिक पृष्ठभूमी**

सहकारीका माध्यमबाट सदस्यहरु विच सहकार्य गने अभिप्रायले उद्यमशिलता विकास आर्थिक तथा सामाजिक स्तर अभिवृद्धिका लागि तत्कालिन समयमा उत्साही युवा उद्यमी तथा बुद्धिजिविहरुको अगुवाइमा यस जय मनकामना वचत तथा ऋण सहकारी संस्था २०५५ सालदेखि अनौपचारिक रुपमा कारोवार प्रारम्भ भएकोहो। छरिएरर रहेको पूँजीलाई एकिकृत गरी बचत संकलन तथा ऋण प्रवाह गर्दै संस्थालाई वैधानिक तवरबाट सञ्चालन गर्न नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभाग सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखरामा दर्ता ऐन २०४८ बमोजिम २०५७ साल जेष्ठ १७ गते विधिवत् रुपमा स्थापना भएको हो।

समान आकांक्षा र उद्देश्य भएका सदस्यहरु बिच समन्वय र सहकार्य गर्दै निरन्तर रुपमा उत्कृष्ट वित्तिय कारोबार सञ्चालनमा रहेको यस सहकारी संस्थाले कास्की जिल्ला भर कार्यक्षेत्र प्राप्त गरेको छ भने जिल्ला भित्र ५ वटा सेवा केन्द्र सञ्चालनको स्वीकृत प्राप्त भई हाल चिप्लेढुङ्गा सेवा केन्द्रबाट सदस्यहरुमा सेवा प्रवाह भैरहेकोछ। पोखरा महानगरपालिका वडा नं. १९ लामाचौरमा मुख्य कार्यालय रहेको यस सहकारी संस्थाले राज्य पुर्नसंरचनासँगै गण्डकी प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी रजिष्ट्रारको कार्यालय मातहतमा आवद्ध भै सञ्चालन भएको छ।

**परिचय**

| | |
|---|---|
| संस्थाको नाम | : जय मनकामना बचत तथा ऋण सहकारी संस्था लि. |
| ठेगाना | : मुख्य कार्यालय, पोखरा म.न.पा. १९, लामाचौर |
| | : सेवाकेन्द्र, पोखरा महानगरपालिका वडा नं. ४ चिप्लेढुङ्गा |
| दर्ता नं. | : १७३/०५६/०५७ |

**अनुभव**

संस्थाका स्थापना कालदेखि आफ्नो प्रमुख कार्य बचत तथा ऋणलाई व्यवस्थित गर्दै साढे दुई दशक लामो अनुभवबाट सदस्यको आर्थिक र सामाजिक जीवनस्तरको उत्थान गर्ने क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ।

**सञ्जाल तथा आवद्धता**

यस संस्थाले सहकारी क्षेत्रका सरोकारवाला विभिन्न संघसंस्थासँग सम्बन्ध विस्तार गरी संस्थागत विकास र समुदायमा प्रदान गर्ने वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गर्दै अगाडी बढी रहेको छ। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ कास्की, राष्ट्रिय सहकारी बैंक लिमिटेड,

कास्की बचत संघकास्की तथा नेफ्स्कुनको प्राविधिक सहयोगमा सहकारी ब्रान्डिङ कार्यक्रममा (प्रोवेशन) सहभागिता रहेकोछ ।

**संस्थाको परिकल्पना**

"नविनतम् प्रविधिको प्रयोग गर्दै सरल र सहज वित्तिय सेवा प्रदान गरी सदस्यहरुको व्यवसायिकता र उद्यमशिलता अभिबृद्धि मार्फत आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थामा रुपान्तरण गर्ने ।"

**संस्थाको ध्येय**

यस सहकारी संस्था लि.को परिकल्पना पुरा गर्ने माध्यमको रुपमा निम्नानुसारको ध्येय रहेको छ ।
"गुणस्तरिय, प्रबिधिमैत्री सेबा सहितको दिगो बित्तीय सहकारी ।" "A sustainable financial Co-operative with quality & tecno-friendly services."

**उद्देश्य**

१. संस्थामा संलग्न सदस्यहरुबीच पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गरी नियमित बचत गर्ने बानीको सिर्जना गर्ने ।
२. सदस्यबाट नियमित निक्षेप प्राप्त गर्नका साथै निक्षेपमा प्रतिस्पर्धात्मक दरमा ब्याजदर प्रदान गर्ने ।
३. उत्पादनशील, आयमूलक, सीपमूलक, उद्योग, व्यापार तथा अन्य शीर्षकमा संस्थाका सदस्यलाई उचित ब्याजदरमा ऋण प्रदान गर्ने ।
४. सदस्यहरुको आर्थिक विकासका लागि आवश्यकता अनुसार तथा माग बमोजिमको परियोजनामा लगानी गर्ने ।
५. विश्वासिलो, भरपर्दो, सुरक्षित तथा सर्वसुलभ वित्तिय सेवा प्रदान गर्ने ।
६. आफनो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, प्रदेश, संघीय संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने ।
७. समय अनुकुल आधुनिक प्रविधि सहितका सेवा सुविधा अर्न्तगत रेमिट्यान्स तथा विल भुक्तानीका सेवा उपलब्ध गराउने ।
८. सदस्यको आवश्यकता र माग अनुरुप सेवा थप गर्दै जाने ।

**नयाँ सदस्यता प्राप्त गर्ने प्रक्रिया**

नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने, कार्यक्षेत्र भन्दा बाहिरको ब्यक्ति भएमा कर्मचारीको हकमा सम्बन्धीत कार्यालयको कार्यालय प्रमुखको तर्फबाट सिफारिस र व्यवसायीको हकमा स्थानिय निकाय वा घरेलु कार्यालयमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र तथा स्थायी लेखा प्रमाणपत्र भएको, संस्थाको कार्यक्षेत्रभिका एकै प्रकृतिको सहकारी संस्थाको सदस्यता नलिएको हुनुपर्ने छ ।

**नयाँ सदस्य प्राप्त गर्दा लाग्ने शुल्कहरु**

सदस्य प्राप्तीको लागि प्रवेश शुल्क एक सय र विनियममा उल्लेखित न्युनतम शेयर खरीद गरी नियमित बचत गर्ने ।

**जय मनकामना नै किन ?**

व्यक्तिहरुमा सहकारीताको भावना जगाई बचत गर्ने चेतना एवम् बानीको विकास गर्न । समाजमा निष्क्रिय रहेको स-साना पुंजीलाई एकत्रित गरी उत्पादनमुखी कार्यमा परिचालन गर्न । आफुमा अन्तरनिहित सीप र क्षमताको विकास गरी आत्मविश्वास बढाई स्वावलम्वी बन्न । सुरक्षित, भरपर्दो वित्तिय कारोबारका लागि समुदायको पहिलो रोजाईको संस्था रहेको छ ।

**संस्थाका बचत तथा ऋण सेवाहरु**

कार्यक्षेत्रमा बसोबास गर्ने आम नागरिकहरुबाट छरिएर रहेको सानो सानो रकम तथा अनावश्यक रुपमा खर्च भई जाने रकमलाई संस्थाले सदस्यता प्रदान गरी नागरिकहरुको बचत गर्न पाउने हकलाई सुरक्षित गर्दै कानुन सम्मत, औपचारिक एवं सुरक्षित रुपमा वृहत सामाजिक पूँजी निर्माण गरी सदस्यहरुलाई प्रतिष्पर्धी ब्याज प्रदान गर्ने र सदस्यहरूलाई आवश्यकता अनुरुप स्थानीय स्तरमा नै सरल र सुलभ तरिकाले वित्तीय सेवा पुऱ्याउनसहकारी ऐन २०७४ को दफा ५० र संस्था सञ्चालन गर्न बनेको विनियम-२०६८ अनुसार संस्थाले निम्न बमोजिमका शिर्षकहरुमा आकर्षक व्याजदर प्रदान गरी बचत सेवा सञ्चालन गरिएको छ ।

**वचत शिर्षकः**

विभिन्न समयावधीको आवधिक बचत, बाल बचत, जेष्ठ नागरिक बचत, खुत्रुके बचत, नारी बचत, साधारण बचत, जय सुपर बचत, कर्जा बचत, कर्मचारी बचत, ऋमिक बचत, जय मनकामना नमुना बचत, महिला लघुवित बचत, जय मनकामना रेमिट्यान्स बचत, जय मनकामना कल्याणकारी कोष, जेष्ठ नागरिक समृद्धि बचत, जय मनकामना शेयरहोल्डर बचत, डबल योजना बचत, साधारण बचत ।

**ऋण सेवाः**

संस्थामा आवद्ध सदस्यहरुको वित्तीय आवश्यकता पूर्तिका लागि वित्तीय बजारको प्रतिस्पर्धी मूल्यमा पूँजी उपलब्धता गराई उद्यमशिलता विकासमा टेवा पुऱ्याउनुका साथै वित्तीय संस्थासम्मको पहुँच नपुगेका सदस्यहरुको वित्तीय पहुँचको अभिवृद्धि मार्फत आर्थिक रुपमा सहयोग पुऱ्याउनका लागि संस्थाबाट प्रवाह गर्ने ऋणलाई प्रभावकारी, प्रतिष्पर्धी, कानुन सम्मत, निष्पक्ष र क्षमतामा आधारित सेवा उपलब्ध गराउनका लीग सहकारी ऐन २०७४ को दफा ५० र संस्था सञ्चालन गर्न बनेको विनियम २०६८ अनुसार सर्वशुलभ व्याजदरमा निम्न बमोजिमका शिर्षकहरुमा ऋण प्रवाह गरी सेवा सञ्चालन गरिएको छ ।

हार्यर पर्चेज कर्जा, महिला लघुवित कर्जा, व्यापारीक कर्जा, आवधिक धितो कर्जा, जय मनकामना सजिलो

कर्जा, आकस्मिक कर्जा, जय मनकामना स्वरोजगार कर्जा, जय मनकामना व्यक्तिगत कर्जा, जय मनकामना व्यापारीक कर्जा, जय मनकामना स्पेशल कर्जा, व्यक्तिगत कर्जा, शैक्षिक लगानी कर्जा,कृषि कर्जा लगायतका शिर्षकहरुमा कर्जा लगानी गरिएको छ ।

**ऋण लगानी सम्बन्धी व्यवस्थाको जानकारी**

(क) **योग्यता**

१. संस्थाको शेयर सदस्य भएको कम्तिमा ३ महिना पुगेको ।
२. न्यूनतम ५० कित्ता शेयर खरिद गरी मासिक बचत अनिवार्य हुनु पर्नेछ ।
३. खाता खोल्दा आफुले कबुल गरेको मासिक बचत नियमित जम्मा गरेको ।
४. पुरानो ऋण भएमा ऋण रकम चुक्ता भएको कम्तिमा ७ दिन पुरा भएको ।

(ख) **प्रक्रिया तथा आवश्यक कागजात**

१. संस्थाबाट उपलव्ध हुने ऋण निवेदन ।
२. ऋणको परियोजना खुल्ने परियोजना पुष्टि हुने कागजातहरु ।
३. धितो दिने जग्गाको लालपुर्जा र तिरो तिरेको रसिद ।
४. संस्थाले लेखेको पत्र अनुसारको जग्गाको ट्रेस नक्सा र व्लु प्रिन्ट नक्सा ।
५. जग्गाको चार किल्ला प्रमाणित कागज ।
६. व्यावसाय दर्ताको प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र ।
७. व्यावसाय बाहेकका ऋणमा नियमित आयश्रोत प्रमाणित हुने कागज र विवरण ।
८. ऋण लिन चाहने सदस्यको १ प्रति पासपोर्ट साइजको फोटो ।
९. घर भवन भए सम्बन्धित निकायबाट घरको नक्सा पास प्रमाण पत्र, घर सम्पन्न प्रमाण पत्र र घरको नक्सा समेतको प्रतिलिपि ।
१०. नागरिकताको प्रतिलिपि ।
११. मन्जुरीनामाबाट भएमा आफ्नो परिवारभित्र मन्जुरीनामा दिने व्यक्तिको नागरिकताको प्रतिलिपि, फोटो १ प्रति र मन्जुरीनामा

**ऋण लगानी सम्बन्धी अन्य व्यवस्थाः**

१. रु. १० लाख भन्दा माथिको ऋणको लागि संस्थामा सूचिकृत मूल्याङ्कनकर्ताबाट अनिवार्य धितो मूल्याङ्कन गर्नु पर्न ।
२. रु. १० लाख भन्दा कमको ऋण लगानीमा अनिवार्य स्थलगत निरीक्षण गर्नुपर्ने व्यवस्था गरी धितो मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको छ ।
३. ऋण सेवालाई विविधिकरण गरी उद्देश्य अनुसारको ग्रेस अवधि लगाएत भुक्तानी अवधि कायम गरिएको

छ।

४. ऋण लगानी गर्दा धितोको आधारमा नभई भुक्तानी क्षमताको आधारमा लगानी गर्ने नीति लिएकोछ।

**भाखा नाघेको ऋण**

१. ऋणीले लिएको ऋणको ९१ दिन बढी अवधि भाखा नाघेमा त्यसको प्रतिवेदन सञ्चालक समितिमा पेश हुने व्यवस्था गरिएको छ।
२. भाखा नाघेको ऋण असुलीका लागि स्वीकृत नीति अनुसार असुली तालिका (क्यालेण्डर) बनाई क्यालेण्डर अनुसार भुक्तानीका कृयाकलापहरु सञ्चालन गर्नका लागि व्यवस्थापनलाई पूर्ण जिम्मेवारी प्रदान गरिएकोछ।
३. २ वर्ष भन्दा बढी समयदेखि भाखा नाघेको ऋणहरुको कानुनी प्रकृयाबाट धितो लिलाम गरी असुल गर्ने व्यवस्था गरिएकोछ।
४. अघिल्लो पटक ऋण लिइ भाखा नघाएको भएमा त्यस्ता सदस्यलाई थप ६ महिना कुनै नयाँ शिर्षकमा ऋण लगानी नगर्ने नीति अवलम्बन गरेको छ।

**संस्थाको तर्फबाट सदस्य केन्द्रीत सेवा**

सदस्यहरुलाई शिक्षा तथा सूचना, व्यावसायिक तालिम, सदस्यका जेहेन्दार छोरा छोरीहरुलाई छात्रबृति प्रदान, सदस्यहरुलाई सबै खाले वित्तीय सेवा,जेष्ठ सदस्य सम्मान कार्यक्रम,संस्थागत योगदान कर्ता शेयर सदस्यलाई पुरस्कार तथा सम्मान,सफल सहकारी संस्थाहरुको अध्ययन अवलोकन भ्रमण,मृत्यु संस्कारमा राहत तथा श्रद्धान्जली अर्पण।

**समुदाय केन्द्रीत सेवाहरु**

सामाजिक सेवा तथा राहत कार्यक्रम, सरसफाई कार्यक्रम, सदस्य सुरक्षा (दुर्घटना बीमा) कार्यक्रम, भैपरी राहत कार्यक्रम सहयोग, रेमिटान्स सेवा, वित्तीय साक्षरता कार्यक्रम, रक्तदान कार्यक्रम, समूदायको आवश्यकतामा आधारित सहयोग

**कोषको ब्यवस्था**

सहकारी शेयर सदस्यको लगानिको सुरक्षित तथा भविश्यमा हुन सक्ने घटना परिघटनालाई समेत मध्यनजर गर्दै आवश्यकता अनुसारको जगेडा कोष तथा अन्य कोषलाई मजवुद ब्यवस्था गरेकाछौ।

**शेयर पुँजी**

हाल संस्थाको कुल पुँजी १५ करोड रहेको छ। चुक्ता पुँजी ११ करोड ८० लाख ६९ हजार १ सय रहेको र यसलाई समय अनुकुल परिमार्जन गरिने छ।

**भौतिक पुर्वाधार**

पोखरा महानगरपालिका-१९ लामाचौर चोकमा संस्थाले सचिवालय प्रयोजनका लागि ०-६-०-१ क्षेत्रफलको जग्गा खरीद गरी सो जग्गामा संस्थाको ५ तले बहुद्देश्यीय सचिवालय भवन निर्माण भैसकेको छ। समयानुसार हाल भैरहेका मुख्य कार्यालय र सेवा केन्द्रमा आधुनिक प्रविधि युक्त फर्निचर तथा उपकरणहरु जडान गरिएका छन् ।

**कार्ययोजना**

सहकारीलाई थप मजबुद बनाउदै शेयर सदस्यहरुलाई अधिक सेवा सुविधा प्रदान गर्न सहकारीले विभिन्न विस्तारीत कार्यक्रम संचालन गरेको छ।

**विप्रेषण (रेमिट्यान्स) सेवा**

विभिन्न रेमिटान्स कम्पनीसँगको सहकार्यमा रेमिटान्स सेवा संचालन गरी रहेका छौ ।

**विल भुक्तानी सेवा प्रदान**

आधुनिक प्रविधि सुविधालाई उपयोग गर्दै शेयर सदस्य तथा अन्य महानुभावहरुलाई सेवा प्रदान गर्ने उद्देश्य सहित विजुली, खानेपानी, टेलिफोन, मोवाईल विल, इन्टरनेट विल, केबुल नेटवर्क विल भुक्तानी, र बस तथा एरलाईन्स टिकट सेवा उपलब्ध रहेको छ।

**प्रविधिको जडान**

संस्थालाई चुस्त दुरुस्त र पारदर्शि बनाउनका लागि आधुनिक कम्प्युटर सफ्टवर अन्तर्गत Info Developers बाट निर्मित Infinity नामक आधुनिक कम्प्युटर सफ्टवेयर प्रयोग गरिएको छ। अटोमेटिक रुपमा क्लाउड सर्भरमा डाटा व्याकअप हुने, नेटवर्क सुरक्षाका लागि फायरवेल प्रणाली भएको प्रविधिबाट कारोबार सञ्चालन गरिएको छ।

**सेवा केन्द्र संचालन**

कास्की जिल्ला भित्र कार्यक्षेत्र रहेको यस सहकारी संस्थाले आफ्ना शेयर सदस्यलाई सहज रुपमा सेवा प्रदान गर्न जिल्ला भित्र ५ वटा सेवा केन्द्र स्वीकृत प्राप्त भै हाल पोखरा-४ चिप्लेढुङ्गा सेवा केन्द्र संचालनमा भै सकेको छ भने अन्य पनि संचालनका लागि अध्ययन भैरहेका छन।

**मोवाईल बैकिङ कार्यक्रम**

आधुनिक प्रविधि मैत्रि वातावरण सहित शेयर सदस्यहरुलाई सेवा प्रदान गर्ने हेतुले आफ्नो खाताको कारोवार मोवाईलबाटै हेर्न सक्ने गरी मोवाईल एप्सको विकास गरिएको छ । यसबाट आफ्नो खाताको Mini Statement हेर्न, रकम Transfer गर्न, Mobile रिचार्ज, टेलिफोन, इन्टरनेटको विल भुक्तानी गर्न, आन्तरिक हवाई टिकट काट्न, खातामा रकम जम्मा गर्दा वा रकम झिक्दा मोवाईलमा जानकारी,

शेयर मार्केट्स, सुनचादी दरभाउ, विदेशी मुद्राको दरभाउको जानकारी पाउन सकिन्छ । साथै यस संस्थामा खाता सञ्चालन रहेका सदस्यले सजिलै कुनै पनि बैंक तथा वित्तिय संस्थामा मोबाइलको माध्यमबाट रकम रकमान्तरण गर्न, इ-सेवाको माध्यमबाट जय मनकामनामा रहेका सदस्य खातामा रकम जम्मा गर्न सकिनेछ ।

**विशेषता**

आधुनिक प्रविधिको प्रयोग गर्दै सेवा प्रदान, स्थानीय जिम्मेवार तथा प्रतिष्ठित व्यक्तिहरुको संलग्नतामा सञ्चालित, दक्ष जनशक्ति कर्मचारीद्वारा सेवा प्रदान, भौतिक पूर्वाधार विकास, संस्था विकासको मेरुदण्डको रुपमा रहेका विभिन्न कोषको स्थापना, सदस्यहरुको आर्थिक विकासको लागि लामो समयको अनुभव रहेकोछ ।

**सदस्य राहतकोष कार्यक्रम**

संस्थामा आवद्ध सदस्यहरुको जटिल स्वास्थ्य उपचार वा स्थायी अशक्तता वा मृत्युको कारणले निजको परिवारमा पुग्न जाने आर्थिक क्षति तथा मानवीय क्षतिमा संस्थामा आवद्ध सदस्यहरुको लागत सहभागितामा पारस्परिक सहयोगका माध्यमबाट सदस्यहरुको सुख दुःखमा संस्थाको उपस्थिति गराउदै आफ्ना सदस्यहरुलाई न्यूनतम आर्थिक सहयोग पुऱ्याई सामाजिक उत्तरदायित्व बहन गर्नका लागि सदस्य स्वास्थ्य सुरक्षा तथा राहत कोषको स्थापना वाञ्छनीय देखिएकोले यो सदस्य स्वास्थ्य सुरक्षा तथा राहत कार्यक्रम सञ्चालन गरिएको छ । यस कोषमा सदस्यहरुबाट वार्षिक रु ५०० जम्मा गर्नुपर्नेछ । यस कार्यक्रममा भाग लिन संस्थाले अनिवार्य गरिएको छ ।

**बचत खाताको सुरक्षा र गोपनियता**

सदस्य आफुले बाहेक अन्य कुनै पनि व्यक्तिले आफ्नो बचत खाताको मौज्दातको जानकारी लिन नपाउने व्यवस्था गरिएको छ । कुनै कर्मचारीले बचत वा ऋण खाताको गोपनियता भंग गरी सदस्यलाई बचत तथा ऋणमा असुरक्षित महशुस भए उजुरीका आधारमा त्यस्तो कर्मचारीलाई कार्यवाही गर्ने नीतिगत व्यवस्था गरिएको छ ।

**नगदको जिम्मेवारी**

सबै कार्यालयहरुमा दैनिक रुपमा कारोबार पछि बाँकी रहने नगद मौज्दात राख्न सुरक्षित भल्टको व्यवस्था गरिएको छ । भल्टमा नगद राख्नु पूर्व र झिक्दा तोकिएको अभिलेखमा रेकर्ड राख्ने व्यवस्था गर्नुका साथै भल्टको साँचो दुई जनाको जिम्मामा दिने गरिएको छ । नगदको सुरक्षाको लागि सबै केन्द्रको भल्ट विमाको व्यबस्था गरिएको छ ।

धन्यवाद, जय सहकारी ।

# २५ औं बार्षिक साधारण सभा-२०८२
# अध्यक्षको प्रतिवेदन

यस सभाका श्रद्धेय प्रमुख अतिथिज्यू मञ्चासिन अतिथिज्यूहरु, सम्पूर्ण शेयर सदस्य महानुभावहरु,
सहकारीको मुल्य मान्यता लाई आत्मसाथ गर्दै एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको सर्वमान्य सिद्धान्तलाई स्विकार गरी समान आकांक्षा र उद्देश्य भएका सदस्यहरु बिच समन्वय र सहकार्यको आवश्यकता महसुस गरी सहकारीका माध्यमबाट समाज र समुदायमा उद्यमशिलता विकास, आर्थिक तथा सामाजिक स्तर अभिवृद्धिका लागि सहकार्य गर्ने अभिप्रायले यस क्षेत्रका अग्रज, उत्साही उद्यमी तथा बुद्धिजिविहरुको अगुवाइमा २०५५ साल देखि नै अनौपचारिक रुपमा छरिएरर रहेको पूँजीलाई एकिकृत गरी बचत संकलन तथा ऋण प्रवाह गर्दै सहकारीको रुपमा सेवा प्रदान गरेको पाईन्छ। सहकारी दर्ता ऐन २०४८ बमोजिम २०५७ साल जेष्ठ १७ गते विधिवत् रुपमा यस जय मनकामना वचत तथा ऋण सहकारी संस्था नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय सहकारी विभाग सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट बैधानिकता प्राप्त गरेकोछ। हाल यस सहकारी संस्थाले राज्य पुर्नसंरचनासँगै गण्डकी प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखराको मातहतमा आवद्ध भै सञ्चालन भएको छ।

सहकारी स्थापनाको गौरवमय छणका रुपमा २०८२ जेष्ठ १७ गते आ.व.२०८२/८३ लाई संस्थाको रजत जयन्ती वर्ष घोषणा गरेका छौं। कास्की जिल्लाको सहकारी अभियानलाई विकास र प्रवर्द्धन गर्न तथा समुदायको आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्दै आज संस्थाको यस गौरवमय २५औ साधारण सभामा सफलता र उपलब्धीहरु सदस्यहरुसँग बाँड्न पाउँदा हामीलाई गर्व लागेको छ। हाम्रो सहकारी कास्कीका सहकारीहरुको वित्तीय सेवाको लागि सुरक्षित सहकारीको एक गन्तव्य हो भन्ने कुरा गौरवका साथ भन्न चाहन्छौं। “नविनतम् प्रविधिको प्रयोग गर्दै सरल र सहज वित्तयि सेवा प्रदान गरी सदस्यहरुको व्यवसायिकता र उद्यमशिलता अभिबृद्धि मार्फत आर्थिक, सामाजिक र साँस्कृतिक अवस्थामा रुपान्तरण गर्ने” भन्ने परिकल्पना पुरा गर्न संचालक समितिले निर्दिष्ट गरेका नीति तथा कार्यक्रमहरुलाई तत्कालै कार्यान्वयन गर्न सिंगो व्यवस्थापन समुह निरन्तर लागि रहदा सफलता प्राप्त भएको व्यहोरा यहाँहरु समक्ष राख्दछु।

देशको अर्थतन्त्रको यो विषम परिस्थीतीमा हामीले हाम्रो सहकारीलाई नियमित सदस्यमुखी सेवामा सक्रिय रहदै सहकारी नियमक निकायले दिएको निर्देशनलाई कार्यान्वयन तथा आर्थिक अनुसासनलाई समेत जिम्मेवारी वोध गर्दै हामीले आर्थिक मितब्ययिता अपनाएका छौ। सदस्यहरुको आर्थिक तथा सामाजिक हैसियत वृद्धि गर्ने कुरामा संस्था कहिल्यै पछि पर्ने छैन। आज विश्व सहकारी अभियान परम्परागत पूँजि निर्माण प्रणाली भन्दा आफूलाई अलग पहिचान दिंदै राज्यको आर्थिक समृद्धिका निम्ति एउटा अभिन्न अंग बन्दै छुट्टै खालको

परिचय स्थापित गर्ने रणनीति लिएर अगाडि बढिरहेको छ। हामीले हाम्रो परिकल्पनालाई साकार पार्नको लागि हाम्रा निर्दिष्ट लक्ष्यहरुलाई पछ्याउँदै सदस्यहरुको सपनाहरु साकार बनाउन प्रतिवद्ध भएर लाग्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतर्फ सहकारीका रणनीतिहरु अनुसार हाम्रा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छाता संघ संस्थाहरुले डोऱ्याएको बाटोमा संस्थालाई अगाडि बढाउँदै विश्व सहकारी अभियानमा महत्वपूर्ण भूमिका खेल्न जरुरी छ। संस्थाको सेवालाई प्रतिष्पर्धी, प्रविधिमैत्री, छिटो छरितो बनाउदै, यहाँहरुले दिनुभएको जिम्मेबारीलाई पुर्ण रुपमा सदुपयोग गरी सहकारी सिद्धान्तलाई शिरोपर गर्दै यस संस्थालाई प्रदेशकै नमुना सहकारी बनाउन हाम्रो हरदम प्रयास रहने नै छ। यस अभियानमा यहाहरुको साथ र सहयोगको अपेक्षा गर्दै सुरक्षित, भरपर्दो र नमूना संस्थाको रुपमा विकास गर्ने छौ।

सहकारीका अग्रज तथा सम्पुर्ण शेयर सदस्यहरुको सहयोगले हामिले हाम्रो सहकारीलाई थप मजबुद र सवल सहकारीको रुपमा सञ्चालन गरेकाछौ। वित्तिय संस्था संचालन प्रक्रियालाई जिवन्त रुप दिन संस्थामा कार्य गर्ने सिंगो व्यवस्थापनको क्षमता चुस्त, दुरुस्त, पारदर्शी लगनशिल र सिकेका सिपहरुको कार्यान्वियनमा ध्यान दिई उत्पादकत्वमा वृद्धि गर्न सक्षम हुनुपर्छ। आजको यो प्रतिस्पर्धात्मक र उत्कृष्टताको समयमा संस्थाको फराकिलो सोचलाई पुरा गर्नको लागि निश्चित रुपमा यस जय मनकामना साकोसको व्यवस्थापन निक्कै नै सक्षम, गतिशिल, प्रभावकारी र आधुनिक हुन जरुरी छ भन्ने कुरामा हामि सचेत रहँदै व्यवस्थापन समुहलाई पुर्ण जिम्वेवारी प्रदान गरी हामीले अनुगमन र नेतृत्वदायी भूमिकाको हैसियतले प्रभावकारी व्यवस्थापन संस्कारको विकास गर्दै संस्थाको रणनीतिक योजनाहरुद्वारा समुदायमा गुणस्तरीय, सदस्य केन्द्रित, वित्तीय सेवा प्रदान गर्नेछौं।

आदरणीय शेयर सदस्य महानुभावहरु,
यस सहकारी संस्थाको समुन्नत विकाससँगै संस्थालाई थप गतिशील बनाउनुका साथै नीति नियम निर्माणमा, उत्पादन तथा सेवाको विकासमा, सेवाको उपयोग गर्ने सदस्य संख्यामा वृद्धि तथा नेपाल सरकारले जारी गरेको सहकारी ऐन, नियमावली, निर्देशनहरुको पालन गर्दै कार्यन्वयन गराउने सन्दर्भमा हामीले आ.व २०८१/०८२ मा गरेका प्रगति प्रतिवेदन सचिवज्यूको प्रतिवेदन, संस्थाको आर्थिक विवरण कोषाध्यक्षज्यू र लेखा परिक्षण प्रतिवेदनमा समावेस रहेको जानकारी गराउदछु। म यस संस्थाको हाल सम्मका उपलब्धिहरु संक्षिप्त रुपमा यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**हालसम्मका उपलब्धिहरु**

१. सबैको सहयोग र साथले यस क्षेत्रकै विश्वसनिय वित्तीय संस्थाको रुपमा जिल्ला स्तरीय कार्यक्षेत्र सहित ५ वटा सेवा केन्द्र सञ्चालनको अनुमति प्राप्त भएको छ।
२. पोखरा वडा नं.-१९ लामाचौरचोकमा कि.नं. ३७९० को क्षेत्रफल ०-६-०-१ को जग्गा रहेको र हाल सो जग्गामा संस्थाको आधुनिक बहुद्देश्यीय सचिवालय भवन निर्माण सम्पन्न भएको छ।

३. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को पूर्ण सहजीकरणमा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) मा संस्थाको सहभागिता रहि अभ्यासरत रहेको।

४. एकै प्रकृतिका सहकारी संस्थाहरुबीच पारस्परिक सहयोग आदान प्रदान गर्ने र संस्था एकीकरणको लागि समन्वय र सहकार्य प्रयास गरेको।

५. राज्य पुर्नसंरचनासँगै सहकारी संस्थाका परिवर्तित सहकारी नीति नियम र निर्देशीकाको पालना गरी समायानुकुल संस्थाको विनियम पुनर्लेखन तथा आवश्यकता अनुसार नीति, कार्यविधि र निर्देशिकाहरु तर्जुमा गर्दै विद्यमान नीति, निर्देशिका तथा कार्यविधिहरु अद्यावधिक गरी लागु गरिएको छ।

६. संस्थाले सदस्यहरुलाई उपलव्ध गराउने बस्तु तथा सेवाहरुमा गुणस्तरीयता र छरितोपनको विषयमा सदस्य सन्तुष्टि सर्वेक्षणका लागि सदस्य गुनासो पेटिका मार्फत सदस्यहरुको सुझाव संकलन गरीएको छ।

७. वजार परिस्थीति अनुसार सेवा प्रदानको अवस्थालाई अध्ययन गरी आवश्यकतानुसार वजार विश्लेषण सहित ब्याजदर परिमार्जन गरिएको।

८. सहकारी संस्थाहरुको असल अभ्यासहरुको अध्ययन अवलोकन गरी सो को सिकाई यस संस्थामा समय सापेक्ष रुपमा लागु गर्ने उद्देश्य राखी संस्थाका सञ्चालक समिति, उपसमिति, कर्मचारी तथा अगुवा सदस्यहरु सम्मिलित सहकारी अध्ययन अवलोकन भ्रमण सम्पन्न।

९. संस्थाको वित्तिय विवरण मासिक रुपमा सार्वजनिक गर्ने र हरेक वर्ष संस्थाबाट प्रवाह गरिने वस्तु तथा सेवाको बारेमा सुशासन परिक्षण गर्ने कार्यक्रमलाई सञ्चालन गरिएको, सहकारी विभागबाट जारी भएको सदस्यता केन्द्रित सूचकांकको परिक्षणलाई निरन्तरता दिईएको,, सहकारी संस्थामा सहकारीताको विकासको लागि सहकारीका सिद्धान्तको परिक्षण कार्यलाई थालनी गरिएको, संस्थाबाट प्रवाह हुने सेवालाई छिटो छरितो र कागजरहित प्रशासन सञ्चालनको अभ्यास गरिएको, E-Teller /QR Code को सेवा र संस्थामा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ मा तोकिएका कार्यहरुको कार्यान्वयन गरिएको।

१२ संस्थामा आवद्ध सदस्यहरुलाई उत्पादन तथा सेवामुखि संस्थामा सेवा उपभोग गरे वापत सदस्यसहुलियत कार्यक्रममा गण्डकी मेडिकल कलेज नयाँवजार पोखरा, मणिपाल शिक्षण अस्पताल पोखरा फुलवारी, लाईफ कियर सेन्टर न्युरोड पोखरा, सेलवेयज डिपार्टमेन्ट स्टोर्स पोखरा, नाङ्गलो किचन एण्ड रेष्टुरेन्ट लामाचौर पोखरा, दि स्टेसन रेष्टुरेन्ट गैह्रापाटन पोखरा, माछापुच्छे भेटेरीनरी सेन्टर लामाचौर पोखरा, कास्की सेवा हस्पिटल, पोखरा, चिरायु हस्पिटल पोखरा लगायतका विभिन्न संस्थाहरुसँग सम्झौता गरेका छौ।

१३ यस सहकारी संस्थाको दिगो विकासका लागि संस्थाका सञ्चालक समिति, उपसमिति तथा कर्मचारी सहितको सहभागितामा नेफ्स्कूनको प्रविधिक सहयोगमा पञ्चवर्षिय रणनितिक योजना तयारी गरी

लागुगरीएको छ।

१४ सदस्यको हकमा सदस्य पहिचान फारम भरी सदस्यको विवरण सिस्टममा नियमित रुपमा अद्यावधिक गर्ने गरीएको र सोको सम्पुष्टि समेत गर्ने गरिएको छ।

१५ सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन अनुसार सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने र रु. १० लाख र सो भन्दा बढी रकम कारोवारको हकमा अनिवार्य स्रोतको विवरण राखि कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा प्रदान गर्रिंदै आएको छ। संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गरिरहेको छ।

१६ महिला लघुवित्त कार्यक्रमको प्रभावकारी अध्ययन तथा सदस्य क्रियाशिलताको सम्भाव्य अध्ययन गर्दा प्रभावकारी नभएको र गरिएको लगानी उपलब्धी मुलक नरहेकोले हाललाई उक्त कार्यक्रम स्थगन गरिएको छ।

१७ राज्यपुर्नसंरचना सँगै सहकारी ऐन २०७४ बमोजिम संस्थाको दोस्रो पुर्नलेखित विनियम-२०८१ र सहकारी सञ्चालन निति निर्देशिका कार्यविधि कार्यान्वयनमा आएको छ।

१८ शेयर रकमलाई समायोजन गरि अधिकतम ३००० कित्ता कायम राखी कुल सम्पतिमा शेयरपुँजीको अनुपातलाई कम गरि ११ प्रतिशतमा झारियो।

१९ आ.ब.को अन्त्य सम्ममा ७० बर्ष पुरा भएका जना जेष्ठ सदस्यहरुलाई कार्यबिधि तयार गरि आजिवन मासिक रु ५००।- (अक्षरुपी रु पाँच सय मात्र) प्रोत्साहन स्वरुप प्रदान गरिएको छ ।

२० संस्थामा भएका खराब ऋणीलाई ऋणको प्रकृति हेरी आवश्यक निति अवलम्बन गरेर लिलामी प्रकृयामा लगिएको छ।

२१ संस्थाको नियमित बचत तथा धन सिर्जना गर्ने बचतलाई बृद्धि गर्न उक्त बचतहरुलाई अन्य बचत शिर्षक भन्दा बढी ब्याजदर प्रदान गरिएको छ।

अन्त्यमा,

विश्व अर्थतन्त्रमा देखिएको संक्रमण र नेपालको अस्थीर राजनितिले अर्थतन्त्रमा पुऱ्याएको असरले बजार शिथीलताबाट अझै पनि उत्रीन सकेकोछैन । सदस्यहरु उद्यमसिलता र ब्यापार ब्यवसायमा फुकेर लाग्ने अवस्था छैन। पछिल्लो समय देशका थुप्रै विषम् परिस्थितिले देशको अर्थतन्त्रमा नकरात्मक संकेत देखाई रहेको वेला पोखरा सेरोफेरोका केहि सहकारी संस्थामा असर परेकोछ। कतिपय सहकारीका सञ्चालक तथा कर्मचारी अपचलनमा परेका त कतिपय सदस्यहरुको सम्पर्क वाहिर रहेका छन्। जसको असर अरु सहकारी संस्थामा नपर्ला भन्न सकिदैन। सहकारीको बजारमा देखिएको त्रासपुर्ण परिस्थीती र घट्दो विश्वासका विचमा पनि संस्थाको कार्यकारी अंगको रुपमा यहाँहरुले हामीलाई सुम्पिन भएको जिम्मेवारीलाई यहाँहरुको रचनात्मक

सुझाव तथा सहकारी अभियानका असल अभ्यास मार्फत हातेमालो गर्दै लैजाने छौ । यो परिस्थीतीमा पनि हामी सबैको सकरात्मक सहयोग सहकार्य र विषम परिस्थीतीमा आर्थिक संस्थाको भावना अनुरुप नै ब्यवहारिकतामा हातेमालो गर्दै जानेछौ भन्ने विश्वास लिएकाछौ ।

हामीले हाँसिल गरेको उपलव्धीहरुको सम्पुर्ण विवरण सहितको प्रतिबेदन यस २५औ वार्षिक साधारण सभामा हाम्रा शेयर सदस्यहरु माझ सञ्चालक समितिका तर्फबाट पेश गरेका छौ । यस प्रतिवेदनमा सकरात्मक सल्लाह सुझावको अपेक्षा सहित संस्थाको प्रशासनिक कार्य सञ्चालन गर्न महत्वपूर्ण सहयोग गर्नुहुने संस्थाका पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, पुर्व सञ्चालक ज्युहरु, सम्पूर्ण सञ्चालकज्यूहरु, समिति उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका व्यवस्थापक तथा सम्पुर्ण उर्जावान कर्मचारी मित्रहरुको अविस्मरणीय सहयोग सद्भावका निम्ती धन्यवाद सहित मेरो प्रतिवेदन यहि अन्त्य गर्दछु । धन्यवाद ! जय सहकारी

..........................
नविन भण्डारी
अध्यक्ष

# २५ औं बार्षिक साधारण सभा-२०८२
# सचिवको प्रतिवेदन

यस सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सम्पूर्ण अतिथिज्यूहरु तथा शेयर सदस्य महानुभावहरु
सहकारीको मुल्यमान्यता र परिधिभित्र रहि सदस्यहरुको उद्यमसिलता तथा आर्थिक विकासका लागि सहकारीको आवश्यकता महशुस गर्दै अनौपचारीक रुपमा २०५५ साल देखि कारोवार सञ्चालन गरी २०५७ सालमा सहकारी दर्ता ऐन २०४८ अनुसार हाम्रा अग्रजहरुले दर्ता गरेको आर्थिक सस्था हो, जय मनकामा सहकारी। स्थापनाको २५औ वर्ष पुरा गरेको यस सहकारी प्रतिष्पर्धि वजारमा सवल र सक्षम वित्तीय सस्थाहरुको उपमा परिचित रहेको छ। आर्थिक कारोवारको हिसावले सदस्यहरुको मनमुटुमा रहि सेवा प्रदान गर्दै ब्यापार ब्यवसाय सञ्चालन तथा खरखाचो टर्ने घरायसि कार्यमा सुख दुःखको सारथिको रुपमा रहेको छ।

स्थापनाको २४औ वषन्त सम्म आई पुग्दा सस्थाको आर्थिक सम्वृद्धि तथा आधुनिक सुचना प्रणाली र आधुनिक प्रविधिको अधिक उपयोग गर्दै आफ्ना शेयर सदस्यहरुलाई छिटो छरितो सेवा प्रदान गर्न पाउदा हामीलाई गर्व लागेको छ। समयको गतिसँगै थुप्रै आरोह अवरोहका वावजुद पनि कत्ति विचलित नभै निरन्तर क्रियासिल रहि कास्की जिल्ला भित्र प्रतिष्पर्धात्मक सहकारी संस्थाहरुको माभमा आफुलाई सवल र सक्षम सहकारीको रुपमा स्थापित संस्था बनेको छ। अग्रजहरुको अथक प्रयास र मेहनतको प्रतिफलले आज हामी सस्थाको आफ्नै भवनमा सचिवालय सञ्चालन गर्ने गरी पुर्वाधार निर्माण गरी रहेकाछौ। दिर्घकालिन सोचका साथ सस्थाको स्थापना तथा नेतृत्व गर्दै सर्वङ्गीण विकासमा प्रत्यक्ष अप्रत्यक्ष भुमिकामा रहनु हुने सबै अग्रजहरुमा कृतज्ञ रहदै आभार प्रकट गर्दछु।

यस जय मनकामना वचत तथा ऋण सहकारी संस्था लामाचौरको आर्थिक वर्ष २०८१/०८२ अर्थात २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्त सम्म भए गरेका विभिन्न क्रियाकलापहरु सहितको संक्षिप्त प्रगति प्रतिवेदन सचिवको हैसियतले म यहाँहरु माभ राख्ने अनुमती चाहन्छु।

**आ. व. २०८१/०८२ का नियमित गतिविधिहरु**

१. सञ्चालक समितिको मिति २०८१/०६/१६ को निर्णय अनुसार संस्थाको २४औं वार्षिक साधारण सभा २०८१ साल अशोज १४ गते देखि १९ गते सम्म wrc को सभा हल लामाचौर पोखरामा सम्पन्न गरीयो। संस्थाका जेष्ठ शेयर सदस्य इन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यता तथा पोखरा महानगरपालिका १९ नं. वडाका वडाध्यक्ष श्री पुष्पेन्द्र पाण्डे र पोखरा महानगरपालिका १६ नं. वडाका वडाध्यक्ष श्री अमृतप्रसाद तिमिल्सिना विशेष अतिथि रहनु भएको थियो। सभाले आ.व. २०८०/२०८१ को प्रगति प्रतिवेदन तथा आगामि आ.व.२०८१/०८२ का प्रस्तावित कार्यक्रम र अनुमानित आय/ब्यय स्वीकृत तथा अनुमोदन गरीयो।

२. आ.व. २०८१/०८२ मा यस सहकारी सस्थाको संचालक समितिको नियमित बैठक १२, अन्य बैठक ५ गरी संचालक समितिको जम्मा १७ पटक । लेखा सुपरिवेक्षण समिति, ऋण लगानि तथा असुलि, शिक्षा, महिला लघुवित्त कार्यक्रम, सेवा केन्द्र ब्यवस्थापन, निक्षेप संकलन, सदस्य सहुलियत कार्यक्रम ब्यवस्थापन, पदपुर्ति, विनियम पुनर्लेखन तगायतका समिति/उपसमितिको ७१ वटा बैठक गरी जम्मा ८८ बैठक सम्पन्न भएका छन् ।

३. सहकारी संस्थाको नियमन निकायहरुमा समयमानै आफ्नो दायित्व वहन गर्नुका साथै प्रतिवेदन पेश गरेका छौ ।

४. विभिन्न चार्ड पर्व विजया दशमी दिपावली तथा नयाँवर्षका अवसरमा सहकारी संस्थाले शुभकामना आदान प्रदान कार्यक्रम तथा संस्थाले नियमित गरिने दिपावली २०८१/०८२ मा लक्ष्मी पुजा तथा दिपावली मुख्य कार्यालय र सेवा केन्द्रमा सम्पन्न गरियो ।

५. सहकारी सदस्यहरुको सेवामा सहजता प्रदान गर्न स्वीकृत सेवा केन्द्रहरु मध्ये सञ्चालनमा रहेको चिप्लेढुङ्गा सेवा केन्द्रमा सञ्चालनमा रहेको छ।

६. संस्थाले आ.व.०८१/८२ मा सामाजिक उत्तरदायित्वतर्फ तपसिलका सस्थाहरुलाई सहयोग प्रदान गरीयो ।

१) सुरथेश्वर शिवालयदेखि सति नर्वदाघाटसम्म बाटो तथा सवदाहन निर्माण सहयोग स्वरुप रु.२५०००।-
२) श्रीमद् भगवत नवज्ञान लाई महायज्ञमा रु.५०५१।- सहयोग
३) लालीगुरास पुन समाजलाई खेलकुद कार्यक्रममा रु.५०००।- सहयोग ।
४) शिवहरी वाग्ले/प्रतिविम्व वाङ्मय प्रतिष्ठानलाई रु ५०००।- सहयोग

७. यस वर्ष ६८औ राष्ट्रिय सहकारी दिवस-२०८१/८२ मा जिल्ला सहकारी संघ कास्कीले आयोजना गरेको औपचारीक कार्यक्रम सहभागिता रहदै संस्था परिसरमा २०८१ चैत्र १९ गते सरसफाइ कार्यक्रम र सर्वेश्वर शिवालय मन्दिरलाई २५ थान कुर्ची हस्तान्तरण गरीयो ।

८. यस सहकारी संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रमा आवश्यकताका आधारमा आधुनिक सुविधा सम्पन्न पुर्वाधार तथा फर्निचर र अन्य उपकरण जडीत रहेका छन् ।

९. शिक्षा उपसमितिको ब्यवस्थापनमा मिति २०८१ फाल्गुन १ गते पोखरा देखि इलाम ,जनकपुर, धरान हुदै विभिन्न धार्मिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र अध्ययन गरी ४दिन सम्मको सहकारी अवलोकन भ्रमण सम्पन्न गरीयो । सहकारी अवलोकन भ्रमणमा ६३ जना सदस्यको सहभागिता थियो ।

१०. सदस्यहरुलाई सहुलियत कार्यक्रम अन्तरगत यस वर्ष पनि माछापुच्छे भेटेनरी सेन्टर लामाचौरको सहकार्यमा ३७९ जनालाई वर्षे लहरेवाली वेर्ना वितरण गरीयो ।

११. प्रविधि मैत्री सेवा तथा खाता संचालन सुविधाहरु विभिन्न सेवा प्रदायक संस्थासँग सहकार्य गरी हामीले निम्न प्रविधि मैत्री योजना सञ्चालन गरेको र हाल धेरै सदस्यहरुले सो सेवा मोवाईल बैकिङ कार्यक्रम,

विप्रेषण (रेमिट्यान्स) सेवा र विल भुक्तानी सेवा प्रयोग गरेको ब्यहोरा यहाँहरु माभँ जानकारी गराउदछौ यस सेवालाई थप प्रभावकारी तथा उपयोगी बनाउने तर्फ उन्मुख रहेका छौं ।

१२. सदस्यको मृत्यु पश्चात उनीका आश्रित परिवारलाई सामाजिक संस्कार खर्च सहयोग गर्नको प्रति सदस्य रु २५,०००/– दिदैं आएका छौं । यस वर्ष सो सम्बन्धी दुःखद घटना भएन र पनि शेयर सदस्यको आफ्न्तजनको दुःखद घटनामा सहानुभुति प्रदान गर्न हाम्रो सहभागिता रेहेको जानकारी गराउदछु ।

१२. यस संस्थामा आवद्ध असल कारोबारी, उत्कृष्ट बचत कर्ता, र सदस्यहरुलाई वार्षिक सम्मान तथा पुरस्काररहरु प्रदान गरिँदै आएका छौ । गत आ.व.मा श्री भोज बहादुर थापाज्यूलाई असल बचत कर्ता ,श्री सुमी पुर्जाज्यूलाई असल कारोबारी र लघुवित्त तर्फ श्री करुणा गुरुङज्यूलाई पुरष्कृत गरियो ।

१३. यस आ.व २०८१/०८२मा वजारको आर्थिक अवस्था, संस्थाको सम्पूर्ण सुचकलाई अध्ययन गरि समय/समयमा लिने र दिने ब्याजदरमा समायोजन गरीयो ।

१४. सदस्यहरुलाई चुस्त, दुरुस्त र सहज ढंगबाट सेवा प्रवाह गर्नको लागि संस्थाले आधुनिक बैंकिङ्ग सफ्टवेयर Infinity, मोबाईल बैंकिङ्ग सेवा, आधुनिक PABX प्रणाली, सि.सि. क्यामरा तथा केन्द्रीकृत व्याकअपको व्यवस्था, ई-हाजिरी सफ्टवेयरको व्यवस्था तथा Digital Documentation सफ्टवेयरको व्यवस्था जस्ता आधुनिक प्रविधिमा आधारित सेवालाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

१५. नयाँ वर्ष २०८२ को अवसरमा २ हजार थान भित्तेपात्रो (क्यालेन्डर) छपाई गरी वितरण गरीयो ।

१६. सेवाग्राहि सदस्यहरुलाई ऋणको सावा ब्याज नियमित नहुदा लाग्दै आएको हर्जना अध्ययन गरी ऋण लागनी, उपसमिति, संचालक समिति र व्यवस्थापनको सिफारिसमा पुनरावलोकन गरी हर्जानामा छुट प्रदान गरीयो ।

१७. विभिन्न मनिट्रान्सफरहरु मार्फत रकम पठाउन र भिक्न सकिने व्यवस्था सबै सेवा केन्द्रहरुबाट मिलाइएको छ ।

१८. संस्थालाई चुस्त दुरुस्त सञ्चालन गर्न आवश्यक रहेका नीति तथा कार्यविधिहरुलाई समय सापेक्ष अद्यावधिक गरी लागु गरेको छ ।

१९. सहकारी स्थापना दिवसका अवसरमा २०८२ जेठ १७ गते आरसि कम्प्लेक्स लामाचौरमा संस्थाका पूर्व अध्यक्ष पोखरा महानगरपालिका-१९ का वडाध्यक्ष श्री पुष्पेन्द्र पाण्डेको प्रमुख आतिथ्यता र संस्थाका अध्यक्ष श्री नविन भण्डारीको सभाध्यक्षमा वर्ष २०८२/८३ लाई संस्थाको रजत जयन्ती वर्ष घोषणा गरीयो ।

२०. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) कोसहजीकरणमा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) मा संस्थाको सहभागिता रहि अभ्यासरत रहेको । संस्थालाई विधिमा सञ्चालन गर्नका लागि प्रोवेशन कार्यक्रममा सहभागी गराइएको छ । संस्था भित्रको सुशासन, आर्थिक अनुशासनको पालना, सदस्य सेवामा गुणस्तरीयता बृद्धि सहित उक्त कार्यक्रमले

निर्धारण गरेका मापदण्डहरू प्राप्तिको दिशामा निरन्तर जुटेका छौं । सस्थाबाट कार्यक्रमको कार्यशालामा नियमित प्रतिनिधित्व रहेको छ । तथापी प्रावेशन कार्यक्रमलाई अन्य छाता संस्थाद्वारा सञ्चालित यस्तै कार्यक्रमको खोजी गर्दै थप प्रभावकारिता सम्बन्धी अध्ययन गरी परिमार्जन तर्फ हाम्रो ध्यानाकृष्ट भएको जानकारी गराउदछैं ।

२१. कर्मचारी

क) सहकारी सस्थाको दैनिक कार्यसञ्चालन एवं आर्थिक तथा प्रशासन कार्य ब्यवस्थालाई चुस्त दुस्त रुपमा संचालन गर्नका लागि संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रमा गत असार मसान्त सम्ममा १६ जना दक्ष कर्मचारीहरु सेवारत रहेको जानकारी गराउदछौ । जसमध्ये संस्थामा हाल १ जना स्थायी ५ जना बजार प्रतिनिधि ८ जना करारमा सेवारत रहेका छन्भने १ जना मालपोत प्रतिनिधि र १ जना सुरक्षा गार्डको रुपमा सेवारत रहेको जानकारी गराउदछु ।

ख) यस आ.व.२०८१/०८२ मा संस्थाका बरिष्ठ सहायक विष्णु कार्की, कर्जा अधिकृत बाबुराम बस्नेत तथा प्राशासनिक अधिकृत सुमनराज पौडेल र लघुवित्त सहायक मञ्जु के.सी ले यस संस्थाबाट सेवा निवृत भएको व्यहोरा अनुरोध गर्दछु ।

ग) देशको अर्थिक गतिविधिमा उत्साह नदेखिएको परिस्थितिमा पनि कर्मचारीहरुको केही समयदेखी तलव तथा सेवा सुविधामा परिमार्जन गर्न नसकिएकोले कर्मचारीहरुको मनोबल वृद्धि गर्न यस २५औं वार्षिक साधारण सभाबाट पारित गरी २०८२ पौष मसान्तदेखि लागु हुने गरी सञ्चालक समितिको निर्णय बमोजिम तलव वृद्धि तथा सेवा सुविधा परिमार्जन गरेका छौं ।

घ) कर्मचारीहरुलाई विभिन्न चाडपर्वहरुमा फेलोसिप कार्यक्रम तथा वनभोज कार्यक्रमको आयोजना ।

ङ) कर्मचारीको क्षमता तथा आत्मविश्वास वृद्धि गर्न कर्मचारी स्वयमले त्रैमासिक स्वमुल्याङ्कन अनिवार्य भर्नुपर्ने र सोका आधारमा करारमा रहेका कर्मचारीको करार नविकरण गरीने प्रक्रिया थालनी गरेकाछौ ।

२२. संस्थाका बाल बचतकर्ताहरुको जन्म दिनमा उपहार स्वरुप Birthday Cake प्रदान गरिएको छ ।

**आगामी वर्षका लागि प्रस्तावित निति तथा कार्यक्रमहरु**

१. गत वर्षका केहि कार्यक्रमलाई परिमार्जन गरि अन्य सम्पूर्ण कार्यक्रमहरुलाई निरन्तरता दिने ।

२. आ.व. २०८१/०८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्ष, सचिव, कोषाध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

३. लेखा सुपरिवेक्षण समिति प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

४. आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा ।

५. आ.व. ०८२/८३ को लागि वार्षिक कार्ययोजना तथा बजेट छलफल र पारित सम्बन्धमा ।

६. आ.व. ०८२/८३ का लागि लेखा परीक्षक नियूक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।

७. लाभाशं र संरक्षित पुजिफिर्ता कोष बाँडफाड सम्बन्धमा ।

९. दक्ष जनशक्ति विकासका लागि सञ्चालक तथा कर्मचारी तालिम तथा गोष्ठि सञ्चालन गर्ने ।

१०. सहकारी अध्ययन अवलोकन भ्रमण आयोजना गर्ने ।

११. सदस्य सेवा सुविधा तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।

१२. कर्मचारीहरुको सिप तथा क्षमता वृद्धि गर्दै समयानुकुल सेवा सुविधामा वृद्धि गर्ने ।

१३. ऋण लगानि, असुलि तथा अपलेखन सम्बन्धमा ।

१४. मासिक बचत लाई प्राथामिकतामा राखिने छ साथै नियमित रुपमा मासिक बचत जम्मा नगर्ने सदस्यहरु लाई संस्थाले प्रदान गर्ने सेवा सुबिधामा उपभोग गर्न नसकिने सम्बन्धमा ।

१५. संस्थालाई कर्जा सूचना केन्द्रमा आवद्ध गराई ऋण लगानी लाई थप प्रभावकारी बनाईने छ ।

१६. नेपाल सरकार सहकारी प्राधिकरणले तोकेको मापदण्ड बमोजिम सुचिकृत/दर्ता हुने ।

१७. पछिल्लो सहकारी ऐन, प्राधिकरणको मापदण्डको आधारमा संस्था सञ्चालन सम्बन्धि कार्यविधिहरू संशोधन गरिने छ ।

१८. साधारणसभाका निर्णयहरुमा प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।

१९. विविध साधारण सभामा सदस्यहरुबाट प्राप्त अन्य प्रस्ताव ।

अन्तमा,

